**नेपाल कानुन आयोगको मसौदा**

# साना मुद्दाहरुको सम्बन्धमा संक्षिप्त कार्यविधिको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : साना मुद्दाहरुमा संक्षिप्त कार्यविधि अपनाई छिटो छरितो कारवाही र किनारा गरी न्यायलाई छिटो छरितो र सर्वसुलभ बनाउने सम्बन्धमा समायानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधानसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "संक्षिप्त कार्यविधि ऐन, २०६५" रहेकोछ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिबाट एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "अदालत" भन्नाले प्रचलित कानून बमोजिम स्थापित अदालत सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिमका उजुरी लिई कारवाही र किनारा गर्न अधिकार प्राप्त अन्य निकाय वा अधिकारी समेतलाई जनाउँछ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारवादी हुने फौजदारी मुद्दामा अनुसन्धान गर्न अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ।

(ग) "उजुरी" भन्नाले अदालत समक्ष दायर हुने फिरादपत्र, नालिस वा सो सरहको निवेदनपत्र वा अभियोगपत्र वा प्रतिवेदन सम्झनु पर्छ।

(घ) "न्यायाधीश" भन्नाले अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले मुद्दा हेर्न अधिकार प्राप्त अन्य अधिकारी समेत जनाउँछ।

(ङ) "मुद्दा" भन्नाले यस ऐन बमोजिम कारवाई र किनारा हुने मुद्दा सम्झनु पर्छ।

३. **संक्षिप्त कार्यविधि अपनाइने मुद्दाहरुः** (१) देहायका मुद्दाहरुमा यस ऐन बमोजिमको कार्यविधि अपनाई शुरु तथा पुनरावेदनको कारबाही र किनारा गर्नु पर्नेछः

(क) अनुसूची-१ मा उल्लिखित मुद्दा,

(ख) खण्ड (क) मा लेखिए बाहेक एकलाख रुपैयाँसम्म मुल्य वा बिगो समावेश भएको देवानी मुद्दा वा दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुन सक्ने फौज्दारी मुद्दा।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची २ मा उल्लिखित मुद्दाहरुमा यस ऐन बमोजिमको कार्यविधि अपनाइने छैन ।

(३) कुनै मुद्दामा प्रतिवादीको बयान वा प्रतिउत्तरपत्रबाट जालसाजी, कीर्ते वा करकाप सम्बन्धी प्रश्न उठेमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ७८ नम्बर बमोजिमको कार्यविधि पूरा गरी सोही मुद्दाबाट सो प्रश्नको पनि निर्णय गर्नु पर्नेछ ।

४. **<u>निवेदनपत्रबाट पनि कारबाही र किनारा गर्न सकिने</u>:** कसैले प्रचलित कानून बमोजिम दुनियाँवादी मानिने मुद्दामा प्रमाण खुलाई निवेदनपत्र दिएमा अदालतले आवश्यक भए बयान समेत गराई त्यसैबाट मुद्दाको कारवाई र किनारा गर्नु पर्छ ।

५. **<u>जाँचबुझ</u>:** (१) अदालत समक्ष दायर भएको उजूरीको सम्बन्धमा अदालतले देहायका कुराहरुको जाँचबुझ गर्नु पर्छः-

(क) सम्बन्धित अदालतको अधिकार क्षेत्रभित्र पर्छ वा पर्दैन,

(ख) मुद्दा चलाउन बादीको हकदैया छ वा छैन,

(ग) हदम्यादभित्र मुद्दा दर्ता भएको छ वा छैन,

(घ) वादीको दावी वा निजले प्रतिवादी विरुद्ध लगाउन खोजेको अभियोग कानूनमा आधारित छ वा छैन ?

(ङ) वादीले प्रस्तुत गरेका वा गर्न चाहेका प्रमाणहरु मुद्दासँग सम्बद्ध छन् वा छैनन् र सो प्रमाणहरु उजुरीमा उल्लेख भएका कुराहरु प्रमाणित गर्न पर्याप्त छन् वा छैनन् ।

६. **<u>प्रारम्भिक सुनुवाई</u>** : (१) दफा ५ बमोजिम जाँचबुझ गर्दा वादीको उजुरी नै लाग्न नसक्ने वा विश्वसनीय वा पर्याप्त प्रमाण नभएकोले उजुरीमा उल्लेख भएका कुराहरु प्रमाणित हुन नसक्ने देखेमा मुद्दा दर्ता गर्ने अधिकारीले इजलास समक्ष पेश गरी इजलासले उक्त मुद्दाको प्रारम्भिक सुनुवाई गरी मुद्दा खारेज गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी खारेज हुने अवस्था नदेखिएमा अदालतले प्रतिवादी तत्काल अदालतमा उपस्थित भए निजको बयान लिई कारवाई अघि बढाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवादी अदालतमा उपस्थित नभएमा वा उपस्थित भए पनि तुरुन्त बयान गर्न नसक्ने कारण देखाएमा अदालतले प्रतिवादीलाई प्रतिउत्तर पेश गर्न वा बयान दिन दफा ८ को उपदफा (१) बमोजिमको म्याद जारी गर्नु पर्नेछ ।

७. **उजुरी र लिखत प्रमाणको नक्कल प्रतिवादीलाई दिनु पर्नेः** (१) प्रचलित कानून बमोजिम नेपाल सरकारवादी हुने फौजदारी मुद्दामा प्रतिवादी हिरासतमा भए उजुरी दर्ता हुँदा सो उजुरी र तत्सम्बन्धी लिखत प्रमाणहरुको एक एक प्रति नक्कल सम्बन्धित अनुसन्धान अधिकारीले प्रतिवादीलाई दिनु पर्छ ।

(२) उपदफा (१) बाहेकका अन्य अवस्थामा प्रत्येक प्रतिवादीका निमित्त उजुरी र लिखत प्रमाणको एक एक प्रति नक्कल वादीले उजुरीका साथ अदालतमा पेश गर्नुपर्छ ।

तर एकाघरका प्रतिवादी जति जना भएपनि उजुरी र लिखत प्रमाणको एक प्रति नक्कल मात्र पेश गर्न सकिनेछ ।

(३) यस दफा बमोजिम प्रतिवादीलाई दिनु वा पठाउनु पर्ने नक्कल नदिई मुद्दाको कारवाई भएको रहेछ भने सो कारवाई बदर गरी प्रतिवादीलाई नक्कल दिने वा पठाउने आदेश दिनु पर्नेछ ।

८. **म्याद तामेल सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिमका मुद्दामा अदालतले प्रतिवादीको नाममा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई म्याद जारी गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम जारी भएको म्याद तामेल गर्न पठाउँदा प्रत्येक प्रतिवादीका निमित्त वादीले उजूरी र सो साथ पेश गरेको लिखत प्रमाणको एक एक प्रति नक्कल समेत साथै पठाउनु पर्छ ।

(३) अदालतले अनुसूची ३ बमोजिमको ढाँचामा म्याद जारी गर्नु पर्छ ।

(४) उपदफा (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति जहाँ फेला परेपनि निजलाई नै बुझाउन पर्छ ।

(५) सम्बन्धित व्यक्ति फेलानपरे निजको घर, ठेगाना पत्ता लगाई निजलाई नै म्याद बुझाउनु पर्छ र घर, ठेगानामा सम्बन्धित व्यक्ति फेलानपरेमा निजका उमेर पुगेका एकाघरका परिवारका सदस्यलाई म्याद तामेल गर्नु पर्छ ।

(६) उपदफा (५) बमोजिम म्याद तामेल गर्दा सम्बन्धित व्यक्तिका एकाघरका परिवारका सदस्य फेलानपरेमा वा फेलापरेपनि म्याद बुझ्न इन्कार गरेमा निजका घरदैलामा म्याद टाँस गर्नु पर्छ ।

(७) उपदफा (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा प्रतिवादीको घर, ठेगाना पत्ता नलागी म्याद तामेल हुन नसकेमा अदालतले वादीलाई पुनः प्रतिवादीको घर, ठेगाना खुलाउन लगाई सो ठेगानामा म्याद जारी गर्नु पर्छ । सो ठेगानामा पनि प्रतिवादी फेलानपरेमा

गाउँ विकास समिति अन्तर्गतको क्षेत्रमा भए सम्बन्धित गाउँ विकास समितिको कार्यालय र नगरपालिकाको क्षेत्र अन्तर्गतको क्षेत्रमा भए सम्बन्धित वडा कार्यालय एंव सार्वजनिक स्थनका सबैले देख्न सक्ने ठाउमा म्याद टाँस गर्नु पर्छ ।

(८) यस दफा एवं उपदफा बमोजिम म्याद तामेल वा टाँस गर्दा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा सचिव र दुइजना स्थानीय साक्षी रोहवरमा राख्नु पर्छ ।

तर म्याद तामेल गर्न जाँदा गाउँ विकास समिति वा नगरपालिका सदस्य वा सचिव भेटाउन नसकेमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा रहेका सरकारी अड्डाका कम्तीमा राजपत्रअनंकित तृतीय श्रेणी वा सो सरहका कर्मचारी रोवहरमा राखी म्याद तामेल गर्न सकिनेछ ।

(९) दफा ८ को उपदफा (६) बमोजिम म्याद टाँस भएकोमा सो म्यादका साथ पठाइएको नक्कल प्रतिहरु सो म्याद तामेल गर्न जाने कर्मचारीले अदालतमा फिर्ता बुझाउनु पर्छ र प्रतिवादीले सो नक्कल प्रतिहरु जहिलेसुकै पनि अदालतबाट प्राप्त गर्न सक्छ ।

(१०) उपदफा (१) बमोमिजको म्याद तामेल गर्नुपर्ने कुनै व्यक्तिको कुनै टेलेक्स, फ्याक्स, इमेल वा अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट म्याद तामेल गर्न सकिनेछ ।

(११) म्याद जारी गरिने प्रतिवादी विदेशी भएमा निजको नामको म्याद तामेल गर्दा निजको नेपालभित्र कुनै कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा तामेल गर्नु पर्छ र त्यस्तो कार्यालय वा प्रतिनिधि नभएकोमा प्रतिवादीले कारोबार गर्ने मुख्य स्थान वा निजले स्थायी बसोवास गर्ने ठेगाना वा कारोबार गर्दाको बखत पत्राचारको लागि निजले दिएको ठेगाना भए सोही ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने दुरसंचारका अन्य कुनै माध्यम मार्फत वा रजिष्ट्री गरी हुलाक मार्फत तामेल गर्ने सकिनेछ ।

(१२) उपदफा (१) बमोजिम जारी म्याद कुनै सरकारी कार्यालय, कम्पनी वा संगठित संस्थाको नाममा तामेल गर्दा त्यस्तो निकायको प्रमुख प्रबन्ध निर्देशक वा प्रमुख वा अरु कुनै प्रशासन हेर्ने कर्मचारीलाई तामेल गर्न वा रजिष्ट्री गरी हुलाकद्वारा तामेल गर्न सकिनेछ ।

(१३) उपदफा (११) र (१२) बमोजिम हुलाक मार्फत रजिष्ट्री गरी म्याद तामेल गरिएकोमा रजिष्ट्री गरी पठाइएको पहुँच रसिद अदालतमा दाखिला भएको दिनलाई नै म्याद तामेल दिन भएको मानिनेछ ।

(१४) उपदफा (१) बमोजिम कुनै सरकारी कार्यालय वा कम्पनी वा अन्य संगठित संस्थामा कार्यरत कर्मचारी वा त्यस्तो निकायको कुनै सदस्य वा पदाधिकारीको नाममा म्याद तामेल गर्दा सम्बन्धित कर्मचारी सदस्य वा पदाधिकारी भेटिएमा निजलाई नै बुझाउनु पर्छ ।

(१५) उपदफा (१४) बमोजिम म्याद तामेल गर्दा सम्बन्धित व्यक्तिले म्याद बुझ्न इन्कार गरेमा वा प्रतिवादी फेलानपरेको कारण म्याद तामेल गरिएकोमा सम्बन्धित व्यक्ति कार्यालयमा हाजिर भएको दिनलाई नै म्याद तामेल भएको दिन मान्नु पर्छ ।

(१६) यस दफा बमोजिमको म्याद तामेल गर्न जाने कर्मचारीले बाटाका म्याद बाहेक तीन दिनभित्र म्याद तामेल गरी सक्नुपर्छ । कुनै मनासिब कारण नभई म्याद तामेल गर्न ढिलो गरेको देखिएमा अदालतले निजलाई पटकै पिच्छे पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१७) यस दफा बमोजिम म्याद तामेल गर्दा तामेली मिति स्पष्ट देखिने गरी तामेल गर्नु पर्छ ।

(१८) यस दफा बमोजिमको कार्याविधि अवलम्वन गरी कुनै ब्यक्तिको नाममा म्याद तामेल गर्दा निजको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले म्याद तामेल हुन नसकेमा अदालतमा दायर भएको मुद्धाको संक्षिप्त विवरण उल्लेख गरी विपक्षीलाई उपदफा (१) बमोजिमको म्याद दिई उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा कम्तिमा दुई पटक सार्वजनिक सूचना प्रकाशित गरिनेछ र त्यसरी तामेल भएकोमा रीतपुर्वक तामेल भएको मानिनेछ ।

९. **म्याद तारेख थाम्ने व्यवस्था:** (१) यस ऐन बमोजिमको कार्यविधि अपनाइने मुद्दामा देहायको अवस्थामा बाहेक अन्य अवस्थामा गुज्रेको म्याद वा तारेख थमाउन पाइने छैन ।

(क) पक्षको काबु भन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारिख गुज्रेको भन्ने अदालतलाई लागेमा एक एक पटक सात दिनसम्मको म्याद वा तारेख थाम्न सकिनेछ ।

(ख) मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ६२ नम्बर र १७५ नम्बरमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

१०. **अनुपस्थित प्रतिवादीका तर्फबाट प्रमाण पेश गर्न सक्ने:** (१) कुनै देवानी मुद्दामा दफा ८ बमोजिम जारी भएको म्यादमा प्रतिवादीले प्रतिवाद गर्न नसक्ने कुनै विश्वसनीय कारण देखाई निजको सगोलका हकवालाले सो म्याद भुक्तान भएको मितिले दश दिनभित्र वादीको

दावी खण्डन हुने कुनै प्रमाण पेश गरेमा अदालतले सो प्रमाण समेत बुझी कारबाही र किनारा गर्नुपर्छ ।

(२) कुनै फौजदारी मुद्दामा दफा ८ बमोजिम जारी भएको म्यादमा प्रतिवादी अदालतमा उपस्थित हुन नसक्ने वा प्रतिउत्तर पेश गर्न नसक्ने कुनै विश्वसनीय कारण देखाई कसैले सो म्याद भुक्तान भएको मितिले दश दिन भित्र उजुरीको खण्डन हुने कुनै प्रमाण पेश गरेमा अदालतले सो प्रमाण समेत बुझी मुद्दाको कारबाही र किनारा गर्नु पर्छ ।

११. **तारिखमा नबस्ने अनुमति दिन सक्ने:**(१) अदालतले मुद्दाका वादी र प्रतिवादी दुबै पक्षको प्रमाण बुझी सकेपछि मुद्दाका कुनै पक्षले तारेखमा नबस्न पाउ भनी अनुरोध गरेमा अदालतले त्यस्तो पक्षलाई तारेखमा बस्न नपर्ने गरी अनुमति दिन सक्नेछ ।

(२) वादीले आफ्नो प्रमाण पेश गरिसकेपछि निज वा प्रतिवादीले समेत तारिख गुजारेकोमा डिसमिस फैसला नगरी बुझेसम्मका प्रमाणका आधारमा मुद्दाको फैसला गर्नु पर्नेछ ।

१२ **इजलास वा दिन तोक्न सक्ने** : मुद्दाको सुनुवाई गर्न अदालतले खास इजलास वा मुद्दा सुनुवाई हुने खास दिन तोक्न सक्नेछ ।

१३. **मुद्दा किनारा गर्नुपर्ने अवधि:** (१) प्रतिउत्तरपत्र दाखिल भएको वा प्रतिवादीको बयान भएकोमा सो भएको मितिले र प्रतिउत्तरपत्र दाखिल नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र मुद्दाको कारबाही र किनारा गरी सक्नु पर्छ ।

तर मुद्दा किनारा गर्न अंग पुगिसकेको भए सो अंग पुगेको मितिले दश दिनभित्र मुद्दाको किनारा गर्नु पर्छ ।

(२ उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा जेसुकै लेखिएको भए तापनि दफा ९ बमोजिम म्याद वा तारिख थमाउन पाउने म्याद र दफा १० बमोजिम अनुपस्थित प्रतिवादीका तर्फबाट प्रमाण पेश हुन सक्ने म्यादभन्दा अगावै मुद्दा फैसला गर्नु हुँदैन ।

१४. **पुनरावेदनको म्याद:** (१) अदालतले मुद्दाको फैसला हुँदाका बखत हाजिर रहेका पक्षलाई सो फैसला पढी बाँची सुनाई सो फैसला उपर पुनरावेदन सुन्ने अदालतको नाम समेत खुलाई फैसला सुनी पाएको व्यहोराको कागज गराई राख्नु पर्छ ।

(२) फैसला हुँदाका बखत सम्बन्धित पक्ष हाजिर नरहेकोमा सो फैसलाउपर पुनरावेदन सुन्ने अदालतको नाम समेत खुलाई सो पक्षको नाममा अदालतले सात दिनभित्र म्याद जारी गर्नु पर्छ ।

(३) यस ऐन अन्तर्गतको कार्यविधि अपनाइने मुद्दासंग सम्बन्धित प्रचलित कानुनमा जुनसुकै कुरा लेखिए तापनि उपदफा (१) बमोजिम मुद्दा फैसला हुँदा अदालतमा हाजिर भई फैसला सुनी पाएकोमा सुनी पाएको मितिले उपदफा (२) बमोजिम म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले एक्काइस दिनभित्र फैसलामा चित्त नबुझ्ने पक्षले सो फैसलाउपर पुनरावेदन दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम पुनरावेदनको म्याद दिनु पर्नेमा अदालतबाट त्यस्तो म्याद दिइएको रहेनछ भने सम्बन्धित पक्षले आफूलाई लागेको दण्ड जरिवाना तिरेको वा फैसलाको नक्कल लिएकोमा सो मध्ये जुन काम अघिल्लो मितिमा भए गरेको छ सोही मितिले पुनरावेदन दिने म्याद कायम हुन्छ ।

१५. **<u>पुनरावेदन किनारा गर्नु पर्ने अवधिः</u>** (१) पुनरावेदन सुन्ने अदालतले मुद्दाको शुरु मिसिल आफू समक्ष दाखिल भएको वा विपक्षी झिकाउने आदेश भएकोमा विपक्षी हाजिर भएको वा हाजिर हुने म्याद भुक्तान भएको मितिले साठी दिनभित्र मुद्दाको किनारा गर्नु पर्नेछ ।

तर अङ्ग पुगिसकेको भए सो मितिले दश दिनभित्र मुद्दाको किनारा गर्नु पर्छ ।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश जुनसुकै लेखिएको भए तापनि दफा ९ बमोजिम म्याद वा तारेख थमाउने म्याद भन्दा अगावै मुद्दा किनारा गर्नु हुँदैन ।

१६. **<u>फैसला तयार गर्नु पर्ने</u>** : (१) यस ऐन बमोजिम कारबाही र किनारा गर्नुपर्ने मुद्दाको फैसला भएको सात दिनभित्र फैसला तयार गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम फैसला तयार गर्दा फैसलाको पूर्ण पाठ तयार भएको मिति समेत उल्लेख गर्नुपर्छ ।

१७. **<u>प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u>** यस ऐन बमोजिम कारबाही र किनारा गरिने मुद्दा समयमै किनारा गर्न नसकेमा सम्बन्धित अदालतले सो व्यहोराको प्रतिवेदन सर्वोच्च अदालतमा दिनु पर्छ ।

१८ **<u>बहस व्यवस्थापन सम्बन्धी व्यवस्था</u>** : (१) इजलासमा मुद्दाको सुनुवाई हुँदा सम्बन्धित पक्षको कानून व्यवसायीले इजलास समक्ष बहस नोट पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बहस नोट पेश गरी वा नगरी बहस गर्न चाहने कानून व्यवसायीलाई इजलासले मुद्दाको गम्भीरता हेरी मुद्दाका प्रत्येक पक्षलाई तीस तीस मिनेटसम्म र प्रतिउत्तर बहसको लागि पन्ध्र मिनेटसम्मको बहस गर्ने समय दिन सक्नेछ ।

१९. **मुद्दा स्थगन सम्बन्धी व्यवस्था** : इजलास समक्ष मुद्दा पेश भएपछि कुनैपनि पक्षले मुद्दाको पेशी स्थगन गर्न सक्नेछैन ।

तर काबु बाहिरको परिस्थिति परेको कारण देखाई सम्बन्धित कानुन व्यवसायीले निवेदन दिएमा कारण मनासिव देखिए इजलासले बढीमा एक एक पटकका लागि मुद्दा स्थगन गर्ने आदेश दिन सक्नेछ।

२०. **फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम कारवाई र किनारा गरिने मुद्दामा अन्तिम फैसला गर्ने अदालतले फैसला कार्यान्वयन गर्न पक्षहरुलाई तारेख तोकी शुरु अदालतमा मिसिल सहित हाजिर हुन पठाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि दुबै पक्षको रोहवरमा एक महिनाभित्र उक्त फैसला कार्यान्वयन गराई सक्नु पर्छ।

२१. **यस ऐन बमोजिमको कार्यविधि अपनाउनु नपर्ने वा नहुने अवस्था:** (१) कुनै मुद्दाको कारवाई गर्दै लैजादां सो मुद्दा यस ऐन अन्तर्गतको कार्यविधि अपनाउनु पर्ने नदेखिएमा अदालतले कारण सहितको पर्चा खडा गरी सो मुद्दाको बाँकी कारवाईमा प्रचलित कानून बमोजिमको अन्य कार्यविधि अपनाउनु पर्छ।

(२) कुनै मुद्दामा केही विषयमा यस ऐन अन्तर्गतको कार्यविधि अपनाउनु पर्ने र केही विषयमा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्ने देखिएमा सो मुद्दाको कारवाई गर्दा प्रचलित बमोजिमको अन्य कार्यविधि अपनाउनु पर्छ।

२२. **छुट्टै कार्यविधि अपनाउनु पर्ने:** दफा ३ मा उल्लिखित मुद्दाका सम्बन्धमा प्रचलित कुनै विशेष ऐनद्वारा छुट्टै कार्यविधिको व्यवस्था भएकोमा सोही कार्यविधि अपनाई मुद्दाको कारबाही गर्नु पर्छ।

२३. **काम कारबाही बदर नहुने:** यस ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्ने मुद्दामा सो बमोजिमको कार्यविधि नअपनाई अन्य प्रचलित नेपाल कानून बमोजिमको सामान्य कार्यविधि अपनाइएको रहेछ भने पनि सो कारणले मात्र भैसकेको काम कारवाई बदर हुने छैन।

२४. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐन बमोजिमको कार्यविधि अपनाइने मुद्दामा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा लेखिएदेखि बाहेक अन्य कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ।

२५. **अनुसूची थपघट गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा थपघट गर्न सक्नेछ।

२६. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि नेपाल सरकारले सर्वोच्च अदालतको सल्लाह लिई नियम बनाउन सक्नेछ ।

२७. **खारेजी र बचाउः** (१) संक्षिप्त कार्याविधि ऐन, २०२८ खारेज गरिएको छ ।

(२) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत भएका काम कारबाहीहरु यसै ऐन बमोजिम भएका मानिनेछ ।

## अनुसूची - १

**(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)**

१. नेपाल एजेन्सी सम्बन्धी ऐन, २०१४ अन्तर्गतको मुद्दा ।

२. रेडियो ऐन, २०१४ अन्तर्गतको मुद्दा

३. जुवा ऐन, २०२० अन्तर्गतको मुद्दा ।

४. पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ अन्तर्गतको मुद्दा ।

५. चिट्ठा ऐन, २०२५ को दफा ७ अन्तर्गतको मुद्दा ।

६. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३० अन्तर्गतको मुद्दा ।

७. शिक्षा ऐन, २०२८ को दफा १७ अन्तर्गतको मुद्दा ।

८. मदिरा ऐन, २०३१ अन्तर्गतको मुद्दा

९. पर्यटन ऐन, २०३५ को दफा ४६ अन्तर्गतको मुद्दा ।

१०. संस्था दर्ता ऐन, २०३४ अन्तर्गतको मुद्दा ।

११. पशु, बधशाला, तथा मासु जाँच ऐन, २०५५ अर्न्तगतको मुद्दा ।

१२. नोटरी पब्लिक ऐन, २०६३ को दफा ३३ अनुसारको मुद्दा ।

१३. माल सामानको बहुविधिक ढुवानी विधेयक, २०६३ अन्तगरगतको मुद्दा ।

१४. सुरक्षित कारोकार ऐन, २०६३ को दफा ५५ अन्तर्गतको मुद्दा ।

१५. दामाशाही सम्बन्धी ऐन, २०६३ को दफा ७२ अन्तर्गतको मुद्दा ।

१६. खानेपानी व्यवस्थापन वोर्ड ऐन, २०६३ को दफा २७ अन्तर्गतको मुद्दा ।

१७. जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा २६ अन्तर्गतको मुद्दा ।

१८. विद्युतीय (इलोक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तरगर्तको मुद्दा ।

१९. नेपाल धितोपत्र बोर्ड ऐन, २०६३ को दफा १०१ अन्तरगर्तको मुद्दा ।

२०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ अन्तर्गतको मुद्दा ।

२१. विरुवा संरक्षण ऐन, २०६४ अन्तर्गतको मुद्दा ।

२२. बैकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको मुद्दा ।

२३. मुलुकी ऐन,

(क) कल्याण धनको महल अन्तर्गतको मुद्दा ।

(ख) ज्याला मजूरीको महल अन्तर्गतको मुद्दा ।

(ग) गरीब कंगालको महल अन्तर्गतको मुद्दा ।

(घ) चौपायाको महल अन्तर्गतको मुद्दा ।

(ङ) घर बनाउनेको महलको ८ नम्बर र ९ नम्बर अन्तर्गतको मुद्दा ।

(च) लेनदेन व्यवहारको महल अन्तर्गतको हक निखन्ने विषयको मुद्दा ।

(छ) बेरितसँग थुन्दाको महल ३ नम्बर र ४ नम्बर अन्तर्गतको मुद्दा ।

(ज) इलाज गर्नेको महलको अन्तर्गतको मुद्दा ।

(झ) नाताकायम मुद्दा ।

(ञ) लोग्ने स्वास्नीको ४ र सोही महलको ४क नम्बर तथा अंशबण्डाको १० र १०ख नम्बर बमोजिमको मानाचामल मुद्दा ।

(ट) लेनदेन व्यवहारको २ नम्बर अन्तर्गतका लेनदेनमुद्दा ।

(ठ) हक कायमको विषय समावेश नभएको दर्ता बदर, लिखत बदर, निर्णय बदर मुद्दा ।

(ड) अदलको महल अन्तर्गतको मुद्दा ।

(ढ) कुटपिटको महलको ३ नम्बर, ७ नम्बर, ९ नम्बर, १० नम्बर, ११ नम्बर, १२ नम्बर, १३ नम्बर, १४ नम्बर, १८ नम्बर अन्तर्गतको मुद्दा ।

(ण) लुटपिटको महल अन्तर्गतको मुद्दा ।

२४. कुनै ऐनमा संक्षिप्त कार्यविधि ऐनको कार्यविधि अपनाई मुद्दाको कारबाही गरिने भनी उल्लेख गरिएको मुद्दा ।

## अनुसूची - २

(क) अचल सम्पत्तिमा हक कायम सम्बन्धी मुद्दा,

(ख) अंश वा अपुताली सम्बन्धी मुद्दा,

(ग) अंश सहितको सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,

(घ) करणीको अपराध सम्बन्धी मुद्दा,

(ङ) जालसाजी वा किर्ते सम्बन्धी मुद्दा ।

(च) सन्धी सर्पन सम्बन्धी मुद्दा,

अनुसूची-३

दे. /फौ. मि.नं.

**(ऐनको दफा ८ को उपदफा (२) संग सम्बन्धित)** फाँट

............................................................... बाट जारी भएको ............................... जिल्ला ................ गा.वि.स./न.पा. .............................. वडा नम्बर ............... बस्ने ............................ को नामको दश दिने म्याद ।

---

उप्रान्त बादी ......................................... जिल्ला ........................................... गा.वि.स./न.पा. ............................. वडा नम्बर ............... बस्ने ............................ प्रतिवादी ......................................... जिल्ला ........................................... गा.वि.स./न.पा. .............................. वडा नम्बर ............... बस्ने ........................................... भएको .............................. मुद्दामा वादीले यस अदालतमा मिति ................. मा फिरादपत्र/उजुरी दायर गर्नु भएकोले तपाईको नाममा यो म्याद जारी गरिएको छ । यो म्याद तपाई आफैंले हातैमा बुझिलिएको / घर दैलोमा टाँस भएको वा अन्य कुनै माध्यमबाट तपाईलाई जानकारी भएको मितिले दश दिनभित्र आफ्नो प्रमाण लिई बयान गर्न वा कानुन बमोजिमको प्रतिउत्तरपत्र दिन आफैं वा कानुन बमोजिमको प्रतिनिधि लिई यस अदालतमा हाजिर हुन आउनु होला । उक्त म्यादभित्र हाजिर हुन नआएमा पछि तपाईको उजुर लाग्ने छैन र मुद्दा कानुन बमोजिम भईजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

इति सम्बत्............. साल ............. महिना .................... गते ............... रोज शुभम्